# खानीखोला गाउँपालिका

काभ्रेपलाञ्चोक जिल्ला, बागमती प्रदेश

# खानीखोला गाउँपालिका राजपत्र

गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्ड : ७ संख्या : ६२ मिति : २०८०/०९/१६


## भाग-२

# कृषि तथा पशु सेवा फार्म तथा समूह दर्ता सम्बन्धी कार्यविधि, २०८०

# खानीखोला गाउँपालिका कृषि तथा पशु सेवा फार्म तथा समूह दर्ता सम्बन्धी कार्यविधि, २०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०९/१०
प्रमाणीकरण मितिः २०८०/०९/१०

**प्रस्तावनाः-**

कृषि तथा पशु उत्पादन क्षेत्रलाई निर्वाहमुखीबाट व्यावसायीकरणमा परिणत गर्न र तीव्रत्तर गतिमा लगानी विस्तार गरी समग्र व्यवसायलाई नै प्रतिस्पर्धी बनाउन अत्यावश्यक भएको छ । यसका लागि कृषि तथा पशु पन्छी उत्पादन प्रशोधन तथा बजारीकरण गरी कृषकहरुलाई थप बढी प्रतिस्पर्धी बनाउनको लागि प्रदान गरिने सहयोग तथा कार्यक्रमलाई अझ बढी प्रभावकारी एवं पारदर्शी रुपमा लक्षित वर्गसम्म पुर्याउन र कृषि पशु व्यवसायलाई आर्थिक उपार्जन, स्वरोजगार प्रवर्द्धन एवं गरिबी न्यूनीकरणको माध्यमबाट राष्ट्रिय अर्थ व्यवस्थामा ठोस योगदान पुर्याउनुका साथै युवाहरुको बढ्दो वैदेशिक पलायनलाई निरुत्साहित गरी यस गाउँपालिकामा कृषि तथा पशु व्यवसायको माध्यमबाट हाम्रो नारा "हामी बनाउँछौं हाम्रो खानीखोला" लाई सफल पार्न साथै यस गाउँपालिकाको विभिन्न नीति तथा कार्यक्रमलाई सहज, सरल, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान, २०७२ को धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) र प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा (३) ले दिएको अधिकार प्रयोग गरी खानीखोला गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

# परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम 'कृषि तथा पशु सेवा फार्म तथा समूह दर्ता सम्बन्धी कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले खानीखोला गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "पशु सेवा शाखा" भन्नाले खानीखोला गाउँपालिका पशु सेवा शाखा सम्झनु पर्दछ ।

(ग) "कृषि विकास शाखा" भन्नाले खानीखोला गाउँपालिका कृषि विकास शाखा सम्झनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले खानीखोला गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(घ) "समूह" भन्नाले न्यूनतम १५ देखि अधिकतम २५ जना कृषक सङ्गठित भई यस कार्यविधि बमोजिम गठन भएको समूहलाई जनाउँदछ ।

(ङ) "निजी फर्म" भन्नाले एकल वा साझेदारी स्वामित्वमा रही कृषि तथा पशुपन्छी विकास शाखामा दर्ता भएको फर्म सम्झनु पर्दछ ।

(च) "कार्यविधि" भन्नाले कृषि तथा पशु सेवा फार्म तथा समूह दर्ता सम्बन्धी कार्यविधि, २०८० लाई सम्झनु पर्दछ ।

३. **उद्देश्यहरुः**

१. कृषि तथा पशु सेवा शाखाका कार्यक्रम सञ्चालनमा सहयोग पुर्याउने ।

२. विनियोजित रकमलाई पारदर्शी बनाई सञ्चालन गर्न सहयोग पुग्ने ।

३. सम्भाव्यता हेरी कार्यक्रम प्रसारमा सहयोग पुग्ने ।

४. गाउँपालिकालाई दूध, तरकारी र फलफूलमा आत्मनिर्भर बनाई निर्यात गर्न सहयोग गर्ने ।

५. कृषि तथा पशु व्यवसायको उद्यमशिलता प्रवर्द्धन एवं व्यावसायीकरण गर्नका लागि आवश्यक प्रविधि तथा सीपलाई निम्न वर्गसम्म पुर्याउन सहयोग स्वरूप अनुदान प्रदान गर्ने ।

६. कृषि तथा पशु व्यवसायबाट उत्पादित वस्तु तथा उपजहरुको गुणस्तर सुधार र उत्पादन लागत न्यूनीकरण गर्ने ।

७. कृषि तथा पशु व्यवसायलाई प्रभावकारी तरिकाले सञ्चालन गर्नको लागि विभिन्न प्रकारका बीउँ, रासायनिक मल, कृषि औजार तथा विभिन्न प्रकारका तालिमहरु समय-समयमा सञ्चालन गर्ने ।

## परिच्छेद-२

## पशुपन्छी फार्म/दाना पसल/डेरी/मासु पसल/समूह कृषि तथा पशुपन्छी विकास शाखामा दर्ता प्रक्रिया

४. **उद्देश्यः**

- पशुपन्छी फार्म/दाना पसल/डेरी/मासु मसल/समूह कृषि तथा पशुपन्छी विकास शाखामा अभिलेख राखी तिनीहरुको नियमन प्रबर्द्धन र अनुगमन गर्ने ।

- एग्रोभेट/पशु स्वास्थ्य कार्यकर्ता/जेटी/जेटिएहरुलाई कृषि तथा पशुपन्छी विकास शाखामा सूचीकृत गरी तिनीहरुको नियमन प्रवर्द्धन परिचालन र अनुगमन गर्ने ।
- गाउँसभाबाट स्वीकृत पशुपन्छी फार्म प्रवर्द्धन र पशुपन्छी बजार प्रबर्द्धन कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

## ५. फार्म दर्ताको मापदण्डः

व्यावसायिक गाईभैंसी फार्मलाई ३ वर्गमा विभाजन गरिनेछ । वार्षिक २० लाखसम्म कारोबार हुने सम्मका फार्मलाई गाउँपालिकामा दर्ता गरिनेछ भने वार्षिक २० लाख भन्दा माथि कारोबार गर्ने फार्मलाई गाउँपालिकामा सुचीकृत मात्र गरिनेछ ।

### १. व्यावसायिक गाईभैंसी फार्मको वर्गीकरण

**(क) साना व्यावसायिक गाईभैंसी फार्मः**

५ देखि १० वटा उत्पादक र स्वस्थ गाईभैंसी पालन गरी दूध उत्पादन सुरु गरेका ।

**(ख) मझौला व्यावसायिक गाईभैंसी फार्मः**

११ देखि २० वटा उत्पादक र स्वस्थ गाईभैंसी पालन गरी दूध उत्पादन सुरु गरेका ।

**(ग) ठूला व्यावसायिक गाईभैंसी फार्मः**

२१ वटा भन्दा माथि उत्पादक र स्वस्थ गाईभैंसी पालन गरी दूध उत्पादन सुरु गरेका ।

### २. व्यावसायिक बाख्रा फार्मको वर्गीकरण

**(क) साना व्यावसायिक बाखा फार्मः**

४० वटा स्थानीय वा उन्नत जातका स्वस्थ बाख्रा पालन गरी उत्पादन सुरु गरेका ।

(ख) **मझौला व्यावसायिक बाख्रा फार्मः**

४१ देखि ६० वटा स्थानीय वा उन्नत जातका स्वस्थ बाख्रा पालन गरी उत्पादन सुरु गरेका ।

(ग) **ठूला व्यावसायिक फार्मः**

६१ वटा भन्दा माथि स्थानीय वा उन्नत जातका स्वस्थ बाख्रा पालन गरी उत्पादन सुरु गरेका ।

## ३. व्यवसायिक बङ्गुर फार्मको वर्गीकरण

(क) **साना व्यावसायिक बङ्गुर फार्मः**

पाठापाठी उत्पादनको लागि ५ देखि १० माउ उत्पादक स्वस्थ माउ र मासु उत्पादनको लागि भए १० वटा स्वस्थ बङ्गुर पालन गरी २ वर्ष अघिदेखि सुरु गरेको ।

(ख) **मझौला व्यावसायिक बङ्गुर फार्मः**

पाठापाठी उत्पादनको लागि ११ देखि १५ माउ उत्पादक र स्वस्थ माउ र मासु उत्पादनको लागि भए २५ वटा स्वस्थ बङ्गुर पालन गरी २ वर्ष अघिदेखि सुरु गरेको ।

(ग) **ठूला व्यावसायिक बङ्गुर फार्मः**

पाठापाठी उत्पादनको लागि भए १६ वटाभन्दा माथि स्वस्थ माउ उत्पादक र मासु उत्पादनको लागि भए ४५ वटाभन्दा माथि स्वस्थ बङ्गुर पालन गरी २ वर्ष अघिदेखि सुरु गरेको ।

४. **व्यावसायिक कुखुरा फार्मको वर्गीकरण**

(क) **साना व्यावसायिक कुखुरा फार्मः**

५०० देखि १००० ब्रोइलर वा लेयर्स कुखुरा पालन गरी व्यवसाय सञ्चालन गरिरहेका कुखुरा फार्मलाई साना व्यावसायिक कुखुरा फार्म मानिनेछ । स्थानीय लोकल जातका कुखुराको हकमा १०० देखि ५०० वटा कुखुरा पालन गरी व्यवसाय सञ्चालन गरिरहेका कुखुरा फार्मलाई साना व्यावसायिक कुखुरा फार्म मानिनेछ ।

(ख) **मझौला व्यावसायिक कुखुरा फार्मः**

१००१ देखि ३००० ब्रोइलर वा लेयर्स कुखुरा पालन गरी व्यवसाय सञ्चालन गरिरहेका कुखुरा फार्मलाई मझौला व्यावसायिक कुखुरा फार्म मानिनेछ । स्थानीय लोकल जातका कुखुराको हकमा ५०१ देखि १००० वटा कुखुरा पालन गरी व्यवसाय सञ्चालन गरिरहेका कुखुरा फार्मलाई मझौला व्यावसायिक कुखुरा फार्म मानिनेछ ।

(ग) **ठूला व्यावसायिक कुखुरा फार्मः**

३००१ भन्दा माथि ब्रोइलर वा लेयर्स कुखुरा पालन गरी व्यवसाय सञ्चालन गरिरहेका कुखुरा फार्मलाई ठूला व्यावसायिक कुखुरा फार्म मानिनेछ । स्थानीय लोकल जातका कुखुराको हकमा १००१ वटा भन्दा माथि कुखुरा पालन गरी व्यवसाय सञ्चालन गरिरहेका कुखुरा फार्मलाई ठूला व्यावसायिक कुखुरा फार्म मानिनेछ ।

५. हाँस पालन गर्न चाहेमा ५० वटालाई साना फार्म १०० वटाभन्दा माथिलाई मझौला र २०० वटाभन्दा माथिलाई ठूला फार्म मानिनेछ ।

६. खरायो पालन गर्न चाहेमा ३० देखि ९९ वटाभन्दा माथि स्वस्थ माउ खरायो पालन भएमा साना फार्म, १०० देखि २९९ वटासम्म स्वस्थ माउ खरायो पालन भएमा मझौला र ३०० वटाभन्दा माथि स्वस्थ माउ खरायो पालन भएमा ठूला खरायो फार्म मानिनेछ ।

७. मत्स्यपालन गर्न चाहेमा २ रोपनी क्षेत्रफल बराबरको जग्गामा पोखरी खनी मत्स्य पालन गरीरहेको भए साना, ५ रोपनी भन्दा माथि क्षेत्रफल बराबरको जग्गामा पोखरी खनी मत्स्य पालन गरीरहेको भए मझौला र १० रोपनी भन्दा माथि क्षेत्रफल बराबरको जग्गामा पोखरी खनी मत्स्य पालन गरीरहेको भए ठूला माछा फार्म मानिनेछ ।

८. मासु पसलः दैनिक २० किलो भन्दा बढी मासु बिक्री गर्ने मासु पसललाई दर्ता प्रक्रियामा लगिनेछ ।

९. दैनिक १०० लिटर भन्दा बढी दुध खरिद बिक्री तथा प्रशोधन गर्ने गरी सञ्चालित व्यवसायलाई दुग्ध डेरी दर्ता प्रक्रियामा लगिनेछ ।

१०. फलफूल तथा तरकारी पसलः दैनिक ५० किलो सम्म फलफूल तथा तरकारीको कारोबार गर्ने पसललाई दर्ता प्रक्रियामा लगिनेछ ।

११. एग्रोभेटः सम्बन्धित निकायमा दर्ता भई आन्तरिक राजस्व कार्यालयबाट पान नम्बर लिएर सञ्चालन भइरहेको व्यवसायलाई पशुपन्छी विकास शाखामा सूचीकृत गरिनेछ ।

१२. जेटी/जेटिएः नेपाल सरकारबाट मान्यता प्राप्त आधिकारिक विभिन्न शैक्षिक संस्थाबाट योग्यता पूरा गरेका प्राविधिकहरुलाई कृषि तथा पशुन्छी विकास सम्बन्धित शाखामा सूचीकृत गरिनेछ ।

**१३.** समूहः न्यूनतम १५ देखि अधिकतम ३० कृषकहरु सङ्गठित भई कुनै कृषि तथा पशु विशेष काम जस्तै बाख्रापालन, गाईभैंसी पालन, कुखुरापालन, फलफूल, दलहन, तेलहन, खाद्यान्न, मसला, तरकारी बाली आदि खेती गरीरहेको समूहलाई दर्ता प्रक्रियामा लगिनेछ ।

**१४.** व्यवसायी सङ्घ परिच्छेद २ मा उल्लेख भएका पशुपन्छी तथा कृषि फार्म/दाना पसल/डेरी/मासु पसल/समूह/कृषि तथा भेटेरिनरी प्राविधिक आदिको उल्लेख्य सङ्ख्या पुगेमा गाउँपालिकास्तरीय सङ्घ बनाउने अनुमति दिइनेछ ।

**पशुपन्छी विकासतर्फ समूह तथा फार्म दर्ता प्रक्रिया**

**पशुपालन समूह दर्ताका लागि आवश्यक कागजातहरुः**

१. समूह गठन गर्ने आम भेलाको निर्णय
२. कार्यसमितिको समूह दर्ता गरी पाऊँ भन्ने निवेदन
३. समूहका सम्पूर्ण सदस्यहरूले पारित गरेको विधान १ प्रति
४. अध्यक्षले सिफारिस गरेको समूह सदस्यहरुको आधारभूत सर्वेक्षण अनुसारको विवरण
५. समूह सदस्यहरुको नागरिकताको प्रतिलिपि
६. वडा कार्यालयको सिफारिस
७. राजस्व शाखामा राजस्व बुझाएको रसिद

**नवीकरण गर्न आवश्यक कागजातहरुः**

१. हिताकोष रकमको विवरण
२. वार्षिक प्रगति प्रतिवेदन
३. समूहले पारित गरेको वार्षिक कार्यतालिका
४. समूहको निर्णयको प्रतिलिपि
५. कर चुक्ता प्रमाण पत्र

६. वडा कार्यालयको सिफारिस र
७. राजस्व शाखामा राजस्व बुझाएको रसिद

**पशुपालन फार्म दर्ताको लागि आवश्यक कागजातहरुः**

यस गाउँपालिका भित्रका पशुपालन पेशा गर्दै आएका अगुवा कृषकले आफ्नो फार्म गाउँपालिकामा दर्ता गर्न चाहेमा पशुपन्छी विकास शाखाबाट फिल्ड अवलोकन निरीक्षण गरी सोको प्रतिवेदनका आधारमा फार्म दर्ता गर्न उपयुक्त देखिएमा पशुपन्छी विकास शाखामा फार्म दर्ता गरिनेछ ।

१. फार्म दर्ता गरी पाऊँ भन्ने निवेदन
२. हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति
३. नागरिकता प्रमाण पत्रको प्रतिलिपि
४. चारकिल्लाको मञ्जुरिनामा पत्र
५. जग्गा भाडामा भए १० वर्षे सम्झौता पत्र
६. व्यक्तिगत वा परिवारको नाममा जग्गा भए १० वर्षे मंजुरिनामा पत्र
७. आधारभूत सर्वेक्षण फारम
८. ५ वर्षको लागि व्यावसायिक योजना
९. सम्बन्धित वडाको सिफारिस
१०. फार्मको छाप
११. राजस्व शाखामा राजस्व बुझाएको रसिद

**नवीकरण गर्न आवश्यक कागजातहरुः**

१. वार्षिक प्रगति प्रतिवेदन
२. वार्षिक कार्ययोजना तालिका
३. कर चुक्ता प्रमाण पत्र
४. वडा कार्यालयको सिफारिस र
५. राजस्व शाखामा राजस्व बुझाएको रसिद

**द्रष्टव्यः**

- दर्ता भएका पशुपन्छी तथा कृषि फार्म/दाना पसल/डेरी/मासु पसल/समूह/कृषि तथा भेटेरिनरी प्राविधिक/ सङ्घ आदिलाई दर्ता तथा सूचीकृत गरी प्रमाण पत्र प्रदान गरिनेछ ।
- दर्ता भएका पशुपन्छी तथा कृषि फार्म/दाना पसल/डेरी/मासु पसल/समूह/कृषि तथा भेटेरिनरी प्राविधिक/ सङ्घ आदिले प्रत्येक वर्ष राजस्व परामर्श समितिले निर्धारण गरेको शुल्क तिरी नवीकरण गर्नुपर्नेछ ।
- दर्ता भएका पशुपन्छी तथा कृषि फार्म/दाना पसल/डेरी/मासु पसल/समूह/कृषि तथा भेटेरिनरी प्राविधिक/ सङ्घ आदिको आवश्यकता अनुसार समय-समयमा अनुगमन गरिनेछ र कानुन विपरीत कामकाज गरेको पाइएमा तुरुन्त कारबाही गरी दर्ता खारेजीसम्म गर्न सकिनेछ ।

**कृषि विकासतर्फ समूह तथा फार्म दर्ता प्रक्रिया**

**कृषक समूह दर्ताको लागि आवश्यक कागजातहरुः**

१. समूह गठन गर्ने आम भेलाको निर्णय
२. कार्यसमितिको समूह दर्ता गरी पाऊँ भन्ने निवेदन
३. समूहका सम्पूर्ण सदस्यहरुले पारित गरेको विधान १ प्रति
४. अध्यक्षले सिफारिस गरेको समूह सदस्यहरूको आधारभूत सर्वेक्षण अनुसारको विवरण
५. समूह सदस्यहरुको नागरिकता प्रमाण पत्रको प्रतिलिपि
६. वडा कार्यालयको सिफारिस
७. राजस्व शाखामा राजस्व बुझाएको रसिद

**कृषक समूह दर्ता नवीकरण गर्न आवश्यक कागजातहरुः**

१. नवीकरण गर्न हिताकोष रकमको विवरण

२. वार्षिक प्रगति प्रतिवेदन
३. समूहले पारित गरेको वार्षिक कार्यतालिका
४. समूहको निर्णयको प्रतिलिपि
५. कर चुक्ता प्रमाण पत्र
६. वडा कार्यालयको सिफारिस
७. राजस्व शाखामा राजस्व बुझाएको रसिद

**कृषि फार्म दर्ताको लागि आवश्यक कागजातहरुः**

यस गाउँपालिका भित्रका कृषि पेशा गर्दै आएका अगुवा कृषकले आफ्नो फार्म गाउँपालिकामा दर्ता गर्न चाहेमा कृषि विकास शाखाबाट फिल्ड अवलोकन निरीक्षण गरी सोको प्रतिवेदनका आधारमा फार्म दर्ता गर्न उपयुक्त देखिएमा कृषि विकास शाखामा फार्म दर्ता गरिनेछ ।

**कृषि फार्म दर्ता सम्बन्धी न्यूनतम मापदण्डः**

१. तरकारी खेतीको लागि न्यूनतम ५ रोपनी जग्गामा खेती भएको हुनु पर्नेछ ।
२. मौरी पालनका लागि न्यूनतम २५ वटा घारमा मौरी पालन भएको हुनु पर्नेछ ।
३. च्याउ खेतीका लागि ५ वटा च्याउ घर भएको हुनु पर्नेछ ।
४. फलफूल खेतीका लागि कुनै एउटै फलको न्यूनतम १०० वटा विरुवा रोपेको हुनु पर्नेछ ।
५. खाद्यान्न बालीका लागि २० रोपनी क्षेत्रफलभन्दा माथि खेती भएको हुनु पर्नेछ ।
६. मसला बाली अदुवा/लसुन/अलैंची आदिका लागि न्यूनतम २० रोपनी जग्गामा खेती भएको हुनु पर्नेछ ।

७. अन्य मसला बालीका लागि न्यूनतम १० रोपनी जग्गामा खेती भएको हुनु पर्नेछ ।

८. नगदे बाली कफी/उखु आदिका लागि न्यूनतम १० रोपनी जग्गामा खेती भएको हुनु पर्नेछ ।

**कृषि फार्म दर्ता प्रक्रिया**

१. फार्म दर्ता गरी पाऊँ भन्ने निवेदन ।

२. हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति ।

३. नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

४. चारकिल्लाको मञ्जुरिनामा पत्र ।

५. जग्गा भाडामा भए १० वर्षे सम्झौता पत्र ।

६. व्यक्तिगत वा परिवारको नाममा जग्गा भए १० वर्षे मञ्जुरिनामा पत्र ।

७. आधारभूत सर्भेक्षण फाराम ।

८. ५ वर्षको लागि व्यावसायिक कार्य योजना ।

९. सम्बन्धित वडाको सिफारिस ।

१०. फार्मको छाप ।

११. राजस्व शाखामा राजस्व बुझाएको रसिद ।

**कृषि फार्म दर्ता नवीकरण गर्न आवश्यक कागजातहरुः**

१. वार्षिक प्रगति प्रतिवेदन

२. वार्षिक कार्ययोजना तालिका

३. कर चुक्ता प्रमाण पत्र

४. वडा कार्यालयको सिफारिस

५. राजस्व शाखामा राजस्व बुझाएको रसिद ।

## अनुसूची-१

## कृषि तथा पशु फार्म दर्ताको लागि व्यावसायिक योजनाको नमूना

१. व्यवसायको परिचयः

२. स्थानः

३. लक्षित बजार क्षेत्रः

४. लक्षित ग्राहकः

५. उत्पादन तथा बिक्री लक्ष्यः

| क्र.सं. | वस्तुको परिचय | अनुमानित उत्पादन विवरण | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

६. आवश्यक स्थिर सम्पत्तिः

| क्र. सं. | विवरण | आवश्यक परिमाण | दर | जम्मा मूल्य | अनुमानित आय | ह्रास रकम प्रतिवर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| | जम्मा लागत | | | | | | |

७. आवश्यक कच्चा पदार्थः

| क्र. सं. | विवरण | आवश्यकता | | | दर | जम्मा लागत वार्षिक |
|---|---|---|---|---|---|---|
| १. | | दैनिक | मासिक | वार्षिक | | |
| २. | | | | | | |
| | जम्मा लागत | | | | | |

८. आवश्यक जनशक्तिः

| क्र.सं. | आवश्यक संख्या | मासिक दर | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| जम्मा | | | | |

९. अन्य शीर्षभार खर्चः

| क्र.सं. | विवरण | एकाई | दर | वार्षिक | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| जम्मा | | | | | |

१०. कुल उत्पादन लागतः

| क्र.सं. | विवरण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| जम्मा | | | | |

११. प्रति एकाई उत्पादन लागतः

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १. | स्थिर सम्पत्ति | | |
| २. | सञ्चालन अघिको खर्च | | |
| ३. | चालु पुँजी<br>कच्चा पदार्थको मौज्दात<br>तयारी मालको मौज्दात<br>उधारो<br>बिक्री | | |
| ४. | जनशक्ति खर्च | | |
| ५. | शिर्षभार खर्च | | |

१२.  आवश्यक कूल पुँजीः

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १. | स्वलगानी | |
| २. | सापटी | |
| ३. | कर्जा | |
| ४. | अनुदान | |
| | जम्मा | |

१३.  प्रति इकाइ बिक्री मूल्यः

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १. | प्रति इकाई उत्पादन लागत (नं ११ बाट) | |
| २. | प्रति इकाई लागत (ह्रास तथा ब्याजबाट) | |
| ३. | अन्तिम खर्च | |
| ४. | अनुमानित नाफा | |
| ५. | बिक्री मूल्य | |
| | जम्मा | |

प्रथम चरणको नाफा नोक्सानः

| क्र.सं. | विवरण | खर्च | आम्दानी |
|---|---|---|---|
| १. | बिक्रीबाट आम्दानी | | |
| २. | खर्च<br>चालु खर्च<br>कच्चा पदार्थ<br>जनशक्ति | | |

| | | | |
|---|---|---|---|
| | स्थिर खर्च<br>अप्रत्यक्ष खर्च | | |
| ३. | शीर्ष भार<br>ह्रास<br>ब्याज<br>कर तिर्नु अघिको खुद नाफा (१-२) | | |

१४. लगानीमा प्रतिफलः

१५. पारबिन्दुः

१६. निष्कर्षः

# अनुसूची -२
# कृषक समूहको विधानको नमूना

प्रस्तावनाः

परिच्छेद १

१ संक्षिप्त नाम र प्रारम्भ

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो विधानमा

परिच्छेद २

चिन्ह र छाप

परिच्छेद ३

कार्यालय र कार्य क्षेत्र

परिच्छेद ४

समूहको उद्देश्य

परिच्छेद ५

सदस्यता

परिच्छेद ६

सदस्यको योग्यता

परिच्छेद ७

साधारण सभाको काम कर्तव्य र अधिकार

परिच्छेद ८

साधारण सभा

परिच्छेद ९

कार्यकारी समिति गठन

कार्यहरु/जिम्मेवारी

अध्यक्षः

उपाध्यक्षः

सचिवः

कोषाध्यक्षः
परिच्छेद १०
कार्यकारी समितिको काम कर्तव्य र अधिकार
परिच्छेद ११
समूहको काम कर्तव्य र अधिकार
परिच्छेद १२
आर्थिक स्रोत
परिच्छेद १३
बचत सम्बन्धी
परिच्छेद १४
लगानी सम्बन्धी
परिच्छेद १५
लेखा समिति
परिच्छेद १६
विधान संशोधन र नियम
परिच्छेद १७
मतदान
परिच्छेद १८
विवाद समाधान गर्ने
बरबुझारथ
अन्य थप विषयहरु
परीच्छेद १९
पद रिक्त हुने
परीच्छेद २०
समूहको विगठन
समाप्त

## अनुसूची-३

मिति २०....../.../.......

श्री खानीखोला गाउँ कार्यपालिकाको कार्यालय,
साल्मेचाकल, काभ्रेपलाञ्चोक ।

**विषय : समूह दर्ता गरी पाऊँ ।**

महोदय,

प्रस्तुत विषयमा खानीखोला गाँउपालिका ... नम्बर वडामा मितिः .......... साल ............ ... गतेका दिन गठीत श्री ............................................................ कृषक समूहलाई विधिवत रुपमा दर्ता गरी सञ्चालन गर्नु पर्ने भएकोले समूहबाट स्वीकृत भएको विधान, घरधुरी सर्भेक्षण फारम, समूहको माइन्युट, वडा कार्यालयको सिफारिस यसै निवेदन साथ संलग्न राखी समूह दर्ता गरी पाऊँ भनी सविनय यो निवेदन पेश गरेको छु ।

अध्यक्ष
नाम, थरः- ...................................
दस्तखतः ....................................
समूहको नामः- .............................
खानीखोला गाउँपालिका वडा नं ...

## अनुसुचि-४

समूह/समिति दर्ता प्रयोजनका लागि मात्र

## आधारभूत सर्भेक्षण फारम

समूह/समितिमा रहने कृषकको नामः

............................................. ठेगाना :

..................................

परिवार सदस्य संख्याः ...

पालिएका पशु/बालिको किसिम : ..................................... जम्मा संख्या / क्षेत्रफलः ..............................

घाँस/बाली खेती भएको रोपनीः

.............................................................................................

समूह/समितिको सदस्य बन्नुको उदेश्य :

.............................................................................................

अन्य सञ्चालनमा रहेका पशुपालन/कृषि समूहमा सदस्य हुनु भएको छ ?

.............................................................................................

घाँस/बाली कुन-कुन लगाउनु भएको छ?

.............................................................................................

पशुपन्छी/बालीलाई कुन-कुन दाना/मल प्रयोग गर्नु हुन्छ?

.............................................................................................

पशु/बाली उपचार सेवा उपलब्ध छ/छैन?

.............................................................................................

पशु/बालीहरुमा कुन रोग बढी देखिन्छ ?

.............................................................................................

कृत्रिम गर्भाधान सेवा छ/छैन ?

.............................................................................................

पशुपन्छी पालन सामूहिक रुपमा गर्नु भएको छ ?

.........................................................................................

उत्पादित वस्तु/बाली बिक्री गर्न बजारको समस्या छ/छैन ?

.........................................................................................

पशुपन्छी पालन/खेती गर्नमा समस्याहरु के के छन् ?

.........................................................................................

कृषि/पशु पालनले रोजगारी दिएको छ/छैन ?

.........................................................................................

कृषि/पशुपालन सम्बन्धी तालिम लिनु भएको छ/छैन ? ....... कहाँ ...................................... कति दिनको ...

खानीखोला गाँउपालिका साथै अन्य सरकारी वा गैर सरकारी निकायबाट अनुदान/आर्थिक/प्राविधिक/वस्तुगत सहायता प्राप्त गर्नु भएको छ/छैन ? ............... कहिले ............................ के ............................ कति ..................

<u>**विवरण पेश गर्नेको**</u>

नाम, थर :

ठेगानाः

दस्तखतः

मितिः

फोन नम्बरः

# अनुसूची-५

समूह/समितिका सदस्यहरुको विवरणः

| क्र. सं. | नाम, थर | ठेगाना | पद | उमेर | घाँस/बाली लगाएको क्षेत्रफल | पशुपन्छी संख्या/खेती गरेको जमिनको क्षेत्रफल | गोठ/खेतीको प्रकार परम्परागत/ आधुनिक | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**विवरण पेश गर्नेको विवरणः**

नाम, थरः

पदः

हस्ताक्षरः

छापः

मितिः

**सिफारिस गर्नेको विवरणः**

नाम, थरः

पदः

हस्ताक्षरः

छापः

मितिः

# अनुसूची-६

चिन्ह र छाप

## अनुसूची-७

मितिः २०...../......./........

श्रीमान् अध्यक्ष्य ज्यू,
......................... पशुपालन/कृषि समूह,
खानीखोला गाउँपालिका, काभ्रेपलाञ्चोक ।

**विषयः- समूह सदस्यता पाऊँ भन्ने बारे ।**

*महोदय,*

प्रस्तुत विषयमा खानीखोला गाँउपालिका ... नं. वडामा रहेको ............................................ पशुपालन/कृषि समूहमा म खानीखोला गाउँपालिका वडा नं. ... बस्ने ................................. लाई समूहको विधान भित्र रही सदस्यता लिन इच्छा भएकोले सदस्यता पाऊँ भनी नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि सहित सविनय यो निवेदन पेश गरेको छु ।

**निवेदक**

नाम थरः ............................................
सहीछापः .............................................
खानीखोला गाउँपालिका, काभ्रेपलाञ्चोक

## अनुसूची-८

मितिः २०...../......./........

श्रीमान् अध्यक्षज्यू,

......................... पशुपालन/कृषि समूह,

खानीखोला गाउँपालिका, काभ्रेपलाञ्चोक ।

<u>**विषयः- ऋण उपलब्ध गराई पाऊँ भन्ने बारे ।**</u>

*महोदय,*

प्रस्तुत विषयमा खानीखोला गाँउपालिका ... नम्बर वडामा रहेको ............................................. पशुपालन/कृषि समूहको सदस्य म खानीखोला वडा नं. ... बस्ने श्री ........................... लाई समूहको विधान भित्र रही ................................ कार्यको लागि रु. ............... ।- अक्षरुपी .................. मात्र) मात्र ऋण पाऊँ भनी सविनय यो निवेदन पेश गरेको छु ।

<u>**निवेदक**</u>

नाम थरः .......................................................

सहीछापः .......................................................

खानीखोला गाउँपालिका, ... नं. वडा, काभ्रेपलाञ्चोक

# अनुसूची-९

## तमसुकको नमूना

लिखितम काभ्रेपलाञ्चोक जिल्ला खानीखोला गाउँपालिका ... नं. वडा बस्ने श्री ...................................... को नाति छोरा/छोरी/पत्नी/बुहारी वर्ष .......... को श्री ....................................................... ले ................................. समूह/समितिले निर्धारण गरेको ब्याज दर ... मा ........... भाकाभित्र ........................................... कृषक समूह/समितिको शर्तका, अधीनमा रही .......... प्रयोजनका लागि ऋण .......................... बैंक/.................... सहकारीको खाता नम्बर ............................ शाखा कार्यायल, .......................... बाट .............................. कृषक समूह/समितिबाट साँवा रु. ............... ।- अक्षरुपी .................. मात्र) ब्याज दर ... का दरले बुझाउने, शर्तमा बुझिलिई २०....... साल ....... महिना ... गते तपसिलको रोहावरमा ................ मसान्त भित्र बुझाउने भाका राखी तपशिल खण्डमा लेखिएका व्यक्ति, कार्यलयबाट बुझिलिएको ठिक साँचो हो ।
माथि कवुलियत गरीएको भाका भित्र तिर्ने गरी साँवा ब्याज बुझाउनेछु । तिर्न बुझाउन सकिनँ भने मेरो चल अचल श्री सम्पतिबाट नेपालको प्रचलित कानुन बमोजिम असुल उपर गरी लिएमा मेरो मञ्जुरी छ ।

**तपशिल खण्डमा साक्षी किनारा सदर :**

**तपशिल**

काभ्रेपलाञ्चोक जिल्ला खानीखोला गाँउपालिका ... वडा नं. ..... टोल बस्ने वर्ष ... को ना.प्र.नं. ........................................................ श्री ............................................................................ । — १

काभ्रेपलाञ्चोक जिल्ला खानीखोला गाँउपालिका ... वडा नं. ..... टोल बस्ने वर्ष ... को ना.प्र.नं. ........................................................ श्री ............................................................................ । — २

काभ्रेपलाञ्चोक जिल्ला खानीखोला गाँउपालिका ... वडा नं. ......... टोल बस्ने वर्ष ... को ना.प्र.नं. ..........................................................
श्री ............................................................................ । — ३
काभ्रेपलाञ्चोक जिल्ला खानीखोला गाँउपालिका ... वडा नं. ..... टोल बस्ने वर्ष ... को ना.प्र.नं. ..........................................................
श्री ............................................................................ । — ४
काभ्रेपलाञ्चोक जिल्ला खानीखोला गाँउपालिका ... वडा नं. ..... टोल बस्ने वर्ष ... को ना.प्र.नं. ..........................................................
श्री ............................................................................ । — ५

इति सम्वत, २० ............ साल ............. महिना .................. गते ........... रोज शुभम् ।

# अनुसुची-१०

## वार्षिक कार्ययोजना तालिका

समूहको नामः ठेगानाः

आ.व.

| क्र. सं. | कार्यक्रमको नाम | इकाई | बजेट | विभिन्न लगानीको क्षेत्र | | | समय अवधि | जिम्मेवार व्यक्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समूह | कृषि तथा पशु विकास कार्य | बाह्य | | | |
| | | | | | | | | | |

# अनुसूची-११

संरक्षकहरुको विवरणः

| **सि.नं.** | **नाम, थर** | **ठेगाना** | **पद** |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

सल्लाहकारहरको विवरणः

| सि.नं. | नाम, थर | ठेगाना | पद |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

अनुगमन समितिः

| सि.नं. | नाम, थर | ठेगाना | पद |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

## अनुसूची-१२
## कृषि तथा पशु फार्म दर्ता प्रमाण पत्रको नमूना

खानीखोला गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

सालमेचाकल, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

दर्ता नं.

आ.वः

### फार्म दर्ता प्रमाण पत्र

कृषि/पशुपालन व्यवसायलाई व्यवसायिक बनाई रोजगारीका अवसरहरु सिर्जना गर्ने उद्देश्यले यस काभ्रेपलाञ्चोक जिल्ला खानीखोला गाउँपालिका वडा नं. ... मा मितिः ................ मा स्थापित श्री ...................................... फार्मलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

| | |
|---|---|
| .................... | ............................................ |
| शाखाको कर्मचारी | मितिः ...................... |
| | कृषि विकास/पशु सेवा शाखा प्रमुख |

आज्ञाले
धनेन्द्र भुजेल
प्रमुख प्रशासकीय अधिकृत

मूल्य रु. राजपत्र प्रकाशन कार्यविधि बमोजिम